# स्थानीय निकाय सार्वजनिक उत्तरदायित्व रणनीति, २०६८

(सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यविधिहरुको कार्यान्वयन रणनीति समेत )

**नेपाल सरकार**

**स्थानीय विकास मन्त्रालय**

**२०६८**

# स्थानीय निकाय सार्वजनिक उत्तरदायित्व रणनीति, २०६८

(स्थानीय निकाय सार्वजनिक परीक्षण, सामाजिक परीक्षण
तथा सार्वजनिक सुनुवाई कार्यविधिहरुको कार्यान्वयन रणनीति समेत )

## १.परिचय

सुशासन कायम गर्नको लागि उत्तरदायित्व, पारदर्शिता तथा जवाफदेहितालाई महत्वपूर्ण आधारको रुपमा लिईन्छ । कुनै जिम्मेवार व्यक्ति वा अधिकारीले आफ्नो काम, कर्तव्य निष्ठापूर्वक समयमा सम्पन्न गरी जनतासमक्ष जवाफदेही हुने पद्धतिलाई जनाउने उत्तरदायित्ववाट जनताको मागमा आधारित शासन स्थापित भइ देशको समग्र विकासमा टेवा पुग्दछ । विशेषतः नागरिकका प्रति पूर्ण जवाफदेही हुन सहयोग पुग्ने हुनाले यसलाई सार्वजनिक वा सामाजिक उत्तरदायित्व पनि भन्ने गरिन्छ । सार्वजनिक सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी वनाउन, जनसहभागिता र कार्य सम्पादनको स्तरलाई वढाउन, सरकारको वैधानिकतालाई स्थापित गर्न, लोकतन्त्रलाई सुदृढ वनाउन, निष्पक्ष प्रशासन र नैतिक आचरणलाई वल पुचाउन, भ्रष्टाचारलाई रोक्न, सुशासनको प्रत्याभूति दिनको लागि उत्तरदायित्व आवश्यक हुन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ मा राज्यको दायित्व अर्न्तगत निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरुको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्वन गरी भ्रष्टाचार र दण्डहिनताको अन्त्य गर्दै सुशासन कायम गर्ने उल्लेख गरिएको छ भने धारा २७ मा सूचनाको हक अर्न्तगत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुने उल्लेख छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा स्थानीय शासन पद्धतिको विकासको लागि स्थानीय स्वायत्त शासनका सिद्धान्त तथा नीतिहरुको व्यवस्था गरिएको छ । उक्त सिद्धान्त तथा नीतिहरुमा स्थानीय निकायहरुलाई प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायित्व र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्ने तर्फ उन्मूख गराउने एवं स्थानीय निकायहरुलाई आफ्नो क्षेत्रमा जनता प्रति उत्तरदायी बनाउन प्रभावकारी संयन्त्रको व्यवस्था गर्ने उल्लेख छ । सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूत दिन सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र सो ऐनलाई कार्यान्वयन गर्न नियमावली, २०६५ ल्याईएको छ । त्यस्तै राज्यका कामकारवाही लोकतान्त्रिक पद्धति अनुसार खुला र

पारदर्शी वनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार वनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज वनाउन, राज्य र नागरिक हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्वन्धमा सूचनाको हक सम्वन्धी ऐन, २०६४ र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ कार्यान्वयनमा आएको छ ।

त्रिवर्षीय योजना (२०६७/६८ - ०६९/७०) को आधारपत्रमा सुशासन शीर्षकमा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी वनाउन सार्वजनिक प्रशासनलाई स्वच्छ, प्रतिस्पर्धी, परिणाममुखी, समावेशी, जनताको आवश्यकता र आकाँक्षाप्रति सम्वेदनशील, अफ्नो कार्यको निम्ति उत्तरदायी सक्षम एवं संघीयता र विकेन्द्रीकरणका आधारभूत मूल्यमान्यतालाई आत्मसाथ गरेर अनुशासित भई विधिसम्मत ढंगले काम गर्ने स्पष्ट कार्य जिम्मेवारी भएको क्षेत्र वनाउने उद्देश्य राखिएको छ ।

जनताको सवैभन्दा नजिकको सरकारको रुपमा स्थानीय निकायहरु रहेका छन् । स्थानीय निकायहरु स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ र विभिन्न कार्यविधि तथा निर्देशिका वमोजिम सञ्चालित छन् । स्थानीय निकायले प्रदान गर्ने सेवाप्रवाह र विकास निर्माणमा केन्द्रीय सरकारको प्रतिविम्व हुने भएकोले स्थानीय निकायलाई जनताप्रति उत्तरदायी वनाउनु आवश्यक देखिन्छ । यसै सन्दर्भमा स्थानीय निकायलाई संविधान र विभिन्न ऐन नियम कार्यविधि वमोजिम जनउत्तरदायी वनाउनका लागि स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय सार्वजनिक उत्तरदायित्व रणनीति, २०६८ (सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यविधिहरुको कार्यान्वयन रणनीति समेत ) जारी गरेको छ ।

## २. उद्देश्य

संविधान तथा विभिन्न ऐन, नियम, कार्यविधि/ निर्देशिकामा भएका उत्तरदायित्व सम्वन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी गराई नागरिकको मागमा आधारित शासन व्यवस्था कायम गर्न अग्रसर हुने वातावरण तयार गर्ने ।

## ३.रणनीति

३.१ कार्य सम्पादन गर्ने जिम्मेवारी भएको पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा कर्तव्य पालना गर्दा प्रचलित ऐन नियम कार्यविधिमा ध्यान दिईनेछ ।

३.२ स्थानीय निकायको सम्पूर्ण काम कारवाहीलाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री, जिम्मेवारयुक्त, प्रभावकारी बनाई स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराईनेछ।

३.३ स्थानीय निकायको संस्थागत, आर्थिक, वित्तीय सुशासन एवं विश्वसनीयता कायम गर्दै वित्तीय जोखिमहरु (Fiduciary Risks) न्यूनीकरण गरिनेछ।

३.४ स्थानीय निकाय र पदाधिकारीवाट भएका कार्यमा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न मागमा आधारित सेवाग्राहीको सशक्तिकरण गरिनेछ।

३.५ सार्वजनिक पदाधिकारीको गुणात्मकता, प्रभावकारिता र सक्षमतालाई जनताद्धारा नियमन गरी सम्पादित कामको वैधता श्रृजना गरिनेछ।

३.६ अनुगमन र मूल्यांकन प्रणालीलाई प्रभावकारी वनाईनेछ।

## ४. कार्यनीति

**रणनीति ३.१ सँग सम्वन्धित**

- आफूले सम्पादन गर्नु पर्ने काम कार्ययोजना अनुरुप निर्धारित समयमा नै सम्पादन गर्ने।
- "सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४", "सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५" का प्रावधान बमोजिम राजनीतिक नेतृत्व र कर्मचारीबीच कार्यजिम्मेवारी स्पष्ट किटान गरी परिषद्बाट स्वीकृत गराउने।
- सरकारी वा सार्वजनिक श्रोतको प्रयोग गर्दा मितव्ययी ढंगवाट अधिकतम सदुपयोग र उत्पादनशील हुने गरी प्रयोग गर्ने।
- आफ्नो अधिकार क्षेत्र भित्र पर्ने विषयमा जिम्मेवार पदाधिकारी स्वंयले निर्णय गर्नुपर्ने र कुनै किसिमको कानूनी जटिलता वा द्धिविधा नभएको सामान्य विषयमा माथिल्लो निकायको निर्देशन माग नगर्ने।
- कुनै कार्य तत्काल सम्पादन गर्न नसकिने भएमा सेवाग्राहीलाई स्पष्ट कारण सहित जानकारी गराउनु पर्ने र आवश्यक परेमा त्यसको जानकारी माथिल्लो निकायलाई दिने।
- स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको सम्पत्ति विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र राष्ट्रिय सतर्कता केन्द्रले तोकेबमोजिमको निकाय र ढाँचामा पठाई व्यवस्थित गर्ने।

## रणनीति ३.२ सँग सम्वन्धित

- कार्यालयको कार्यमा विभिन्न विभाग, शाखा, कार्यालय, इकाईको कार्य जिम्मेवारी र उक्त शाखा इकाई कार्यालयमा काम गर्ने प्रत्येक कर्मचारीको काम, कर्तव्य र अधिकार एवं जिम्मेवारी तोकी काम गराउने व्यवस्था मिलाउने ।
- कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा उक्त सूचकहरु अनुसार कार्य गरे नगरेको वस्तुगत मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने परिपाटी अवलम्वन गर्ने ।
- नागरिकप्रति उत्तरदायी भई व्यवहार गर्न, नागरिकका आधारभूत आवश्यकता र अधिकारहरुप्रति संवेदनशील भई प्रभावकारी सेवा प्रवाह गर्न स्थानीय निकायले आफ्ना कर्मचारी एवं पदाधिकारीहरुलाई अभिमुखिकरण गर्नुको साथै कार्यालयको कार्यवातावरणमा आवश्यक सुधार ल्याउने ।
- नागरिकका लिखित वा मौखिक गुनासाहरुलाई प्राथमिकता दिई सम्वोधन गर्न कर्मचारी तोक्नु पर्ने र उक्त जिम्मेवार कर्मचारीले चौमासिक रुपमा प्राप्त गुनासा र सुनुवाई गरेको विवरण समीक्षा वैठकमा पेश गर्ने ।
- सरकारी वा सार्वजनिक कामको सिलसिलामा सेवाग्राहीसँग प्रचलित मूल्य मान्यता र संस्कृति अनुरुप शिष्ट व्यवहार गर्ने ।
- सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यान्वन गराउन प्रतिवद्ध रहने ।
- व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा कार्यक्रमको भत्ता, नागरिक सरोकारका दैनिक सिफारिस जस्ता विषयहरुलाई प्राथमिकता दिई नागरिकलाई प्रवाह हुने सेवा सुनिश्चित हुने ब्यवस्था मिलाउने ।
- स्थानीय निकायको समग्र सेवा प्रवाह र आयोजनाको कार्यान्वयन सम्वन्धमा सम्बन्धित पक्षको चित्त नबुझेमा दिइएको उजुरीको सुनुवाई गर्ने ।
- प्रत्येक स्थानीय निकायमा नोडल अधिकृतको व्यवस्था गरी गुनासो सुनुवाई प्रणालीलाई संस्थागत र व्यवस्थित गर्ने ।
- स्थानीय निकायका पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता पारित गराई लागु गर्ने ।

## रणनीति ३.३ सँग सम्वन्धित

- स्थानीय निकायको खरिद प्रक्रियालाई नियमित र पारदर्शी गराउने । ठेक्कापट्टा प्रक्रियामा हुनसक्ने अनियमितता, मिलोमतो र जवरजस्तीगर्ने जस्ता कानुन विपरीतका कार्यहरु निरुत्साहीत गर्दै विद्युतीय बोलपत्र (ई.विडिङ) को प्रयोगलाई प्रवर्द्धन गर्ने ।
- स्थानीय निकायको हित विपरीत ठेक्का भेरिएसन वा मूल्य समायोजन वा स्वार्थ बाझिने किसिमका काम नगर्ने ।

- उपभोक्ता समितिले गर्ने योजनामा समावेशी रुपमा व्यापक जनसहभागिता जुटाउने र योजनाबाट प्राप्त हुने प्रतिफल प्रतिको विश्वास वढाउने ।
- रकम फ्रिज गर्ने गलत मनसायले नियम भन्दा वढी पेश्की दिन वा अन्य खातामा रकमान्तर वा स्थानान्तर नगर्ने ।
- आन्तरिक लेखा परीक्षण शाखालाई प्रभावकारी वनाई निर्धारित समयमै गुणस्तरीय आन्तरिक लेखा परीक्षण गर्ने ।
- वेरुजु फछ्र्यौट कार्ययोजना वनाई वेरुजु फछ्र्यौट गर्ने कार्यलाई प्राथमिकता दिने ।

## रणनीति ३.४ सँग सम्वन्धित

- शासन संचालन सम्वन्धी निर्णय प्रकृयाका विभिन्न चरणहरुमा सवै वर्ग जाति, धर्म, लिङ्ग, सम्प्रदायको सहभागिता अभिवृद्धि गरी समावेशी विकासलाई सुनिश्चित गर्ने ।
- सूचना, शिक्षा तथा संचारको माध्यमवाट स्थानीय सुशासन प्रवर्द्धन गर्ने ।
- स्थानीय निकायहरुमा प्रयोगमा आईरहेको नागरिक वडापत्र अनुसार सेवा प्रवाह भए नभएको अनुगमन गरी नागरिक वडापत्र अनुसार सेवा प्रवाह लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने ।
- स्थानीय सुशासन र सेवा प्रवाहमा निक्षेपित क्षेत्रहरु, स्थानीय समुदाय, उपभोक्ता समिति, नागरिक समाज, गैरसरकारी संस्था, निजी क्षेत्रको भूमिका स्पष्ट गरी स्थानीय निकाय प्रति उत्तरदायी वनाउने ।
- स्थानीय स्तरमा विभिन्न तहका सरकारवाट संचालन हुने योजनाको जानकारी आदान प्रदान गर्ने तथा पृष्ठपोषण गर्ने संयन्त्रको व्यवस्था गर्ने ।
- स्थानीय निकायको कार्य सम्पादनमा विद्युतिय शासन प्रणालीको प्रवर्द्धन गर्ने ।
- योजना कार्यक्रम संचालन गर्ने निकायले कार्यक्रम/आयोजनाहरुको सूचना पाटीमा तोकिए बमोजिमको विवरण सर्वसाधारणले देख्न र पढ्न सक्ने गरी योजनास्थलमा राख्ने ।
- सञ्चालित कार्यक्रम, आयोजना तथा बजेट सबैले देख्न र पढ्न सक्ने गरी सूचना पाटीमा टाँस गर्ने, सार्वजनिकरण गर्ने, स्थानीय सञ्चारका माध्यम एवं एफ. एम मार्फत् प्रचार प्रसार गर्ने कार्य गर्ने ।
- आफ्नो आम्दानी तथा खर्च प्रत्येक चौमासिक र वार्षिक रुपमा विभिन्न माध्यमबाट सार्वजनीकरण गर्ने ।
- वित्तीय एवं भौतिक प्रगतिबारे सर्वसाधारण एवं सरोकारवालालाई सुसूचीत गराउनको लागि एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्च मार्फत् आवश्यक सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने ।
- आयोजना सम्पन्न भैसकेपछि त्यस्ता आयोजनाको स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि, २०६७ वमोजिम सार्वजनिक परीक्षण गरे पछि अन्तिम किस्ता भुक्तानी र जाँचपास एवं फरफारक गर्ने प्रणाली स्थापित गर्ने ।

- आफुले संचालन गरेको कार्यक्रम/आयोजना, सेवा प्रवाहको अवस्था आदिका बारेमा वर्षमा २ पटक स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ अनुसार सार्वजनिक सुनुवाई सञ्चालन गर्ने ।
- आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ अनुसार सामाजिक परीक्षण गर्ने ।
- मन्त्रालयबाट जारी भएको स्थानीय निकाय सूचना, शिक्षा तथा सञ्चार कार्यक्रम सञ्चालन कार्यविधि, २०६६, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६ एवं सामाजिक परिचालन निर्देशिका बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- कार्यालयमा सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गर्ने ।
- सूचनाहरु नियमित रुपमा अद्यावधिक तथा प्रकाशन गर्ने ।

## रणनीति ३.५ सँग सम्वन्धित

- स्थानीय निकाय तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले स्थापना भएको अर्ध-स्वायत्त प्रकृतिको स्थानीय शासन तथा उत्तरदायित्व सहजिकरण संयन्त्र (एल.जि.ए.एफ) मार्फत स्थानीय निकायको काम कार्यवाहीको सन्दर्भमा नागरिक अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, जनसर्भेक्षण र नागरिक बडापत्रको व्यवस्थित गरी स्थानीय निकायलाई सेवाग्राही प्रति उत्तरदायी वनाई कामको वैधता स्थापित गर्ने ।

## रणनीति ३.६ सँग सम्वन्धित

- स्थानीय स्तरमा संचालन गरिने कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन सूचकहरु निर्धारण गरी प्रभावकारी अनुगमनको व्यवस्था मिलाउने ।
- सवै प्रकृतिका निर्माण कार्यको अनुगमन र सहजीकरण गर्न नागरिक अनुगमन तथा सुपरीवेक्षण प्रणालीलाई प्रभावकारी र व्यवस्थित गर्ने ।
- स्थानीय निकायहरुद्धारा राष्ट्रिय र जिल्लाको प्राथमिकता एवं आवधिक योजनाको आधारमा वार्षिक योजना तर्जुमा गरे नगरेको अनुगमन गर्ने ।
- योजना अनुगमनलाई संस्थागत गरी व्यवस्थित गर्न अनुगमन एवं सुपरिवेक्षण संयन्त्र तयार गरी हरेक निकाय वा तहमा अनुगमन कार्ययोजना बनाई लागू गर्ने ।
- कार्यक्रम/आयोजनाहरुको अनुगमन गर्न स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २०२ बमोजिम निर्वाचित पदाधिकारीको व्यवस्था नभए सम्मको लागि स्थानीय निकायको प्रमुखको काम गर्न तोकिएको पदाधिकारीको संयोजकत्वमा सुपरिवेक्षण तथा अनुगमन समिति गठन गरी कार्यान्वयनमा ल्याउने ।
- जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणालीका (DPMAS) लागू गरी गरिवी अनुगमन गर्ने पद्धति विकास गर्ने ।

- स्थानीय निकायहरुले आवधिक रुपमा मन्त्रालयमा पेश गर्नुपर्ने प्रतिवेदन प्रणालीलाई छिटो, छरितो, भरपर्दो र विश्वासिलो वनाउन Web Based Reporting System लागू गर्ने ।
- सम्पन्न  भएका निश्चित आयोजनाको प्रभाव असर मूल्यांकन गर्ने व्यवस्था गर्ने ।
- नतिजामुखी अनुगमन प्रणाली र तेश्रो पक्षद्धारा गरिने अनुगमन प्रणालीलाई कार्यान्वयनमा ल्याउने ।

# सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यविधिहरुको कार्यान्वयन रणनीति

स्थानीय निकायहरुलाई बढी जनमुखी, पारदर्शी र मागमा आधारित तथा उत्तरदायी बनाउन स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ मा स्थानीय निकायहरुले सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्नुपर्ने प्रावधान राखिएको छ । सुशासन ( व्यवस्थापन तथा संचालन) ऐन, २०६४ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालय प्रमुखले आफू वहाल रहेको कार्यालयको काम कारवाहीलाई स्वच्छ पारदर्शी र वस्तुनिष्ठ वनाउन एवं सर्वसाधारण तथा सरोकारवालाको कानून सम्मत सरोकारलाई सम्वोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख छ ।

यसै सन्दर्भमा स्थानीय निकायहरुवाट सम्पादन हुने काम कारवाही एवं सेवा प्रवाहलाई पारदर्शी एवं जनउत्तरदायी वनाउन स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि २०६७, स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ र स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ । यी कार्यविधिहरुको प्रयोग मार्फत सार्वजनिक उत्तरदायित्व पद्धतिलाई संस्थागत गर्न सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यविधिहरुको कार्यान्वयन गर्नका लागि स्थानीय विकास मन्त्रालय र स्थानीय निकायहरुको जिम्मेवारी अनुसार क्रमशः राष्ट्रिय र स्थानीय स्तर गरी दुई भागमा जिम्मेवारी विभाजन गरिएको छ ।

**१.१ राष्ट्रिय स्तरको रणनीति**

- स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ तथा स्थानीय विकास मन्त्रालयवाट जारी निर्देशिका तथा कार्यविधिहरुसंग मेल खाने गरी कार्यान्वयनमा सहयोग गरिनेछ ।
- यी कार्यविधिहरुको प्रयोगका लागि आवश्यक अनुशिक्षण, तालिम तथा श्रोत सामग्रीहरुको व्यवस्था मिलाइनेछ ।
- यी कार्यविधिहरुको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन संयन्त्रको व्यवस्था गरी संयन्त्रलाई स्रोत साधनयुक्त र अधिकार सम्पन्न बनाइनेछ ।

- उत्तरदायित्व बहन गर्न सहयोग पुग्ने स्रोत तथा साधनहरुको प्रयोगलाई अनुदान पद्धति संग आबद्ध गरिनेछ ।
- उत्तरदायित्व कायम गर्न सहयोग पुर्‍याउने संयन्त्रका विभिन्न पक्षहरुलाई न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका शर्त संग आबद्ध गर्दै लगिनेछ ।

- स्थानीय निकायहरुवाट प्राप्त पृष्ठपोषणका आधारमा समयानुकूल ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिहरुलाई संशोधन र परिमार्जन गर्दै लगिनेछ ।
- स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग , विकास साझेदार, गैससंगको समन्वय र सहकार्यमा यी कार्यविधिहरुको प्रभावकारी प्रयोगलाई सुनिश्चित गरिनेछ ।

## १.२ स्थानीय स्तरको रणनीति

- विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको भावना अनुरुप स्थानीय तहका विकास निर्माण एवं सेवा प्रवाहमा प्रभावकारिता वढाउन कार्यविधिहरुको प्रयोग गरिनेछ ।
- सवै स्थानीय निकायहरुबाट यी औजारहरुलाई निकाय स्वयं तथा विकास आयोजनाको एउटा हिस्साको रुपमा अंगीकार गरिनेछ ।
- उपभोक्ताहरुलाई नै सार्वजनिक परीक्षणको जिम्मेवारी दिने विषयलाई प्राथमिकता दिइनेछ ।
- सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाइलाई परियोजना चक्रको कुनै पनि तहमा गर्न सकिने गरी व्यवस्था गर्न सकिनेछ ।
- उक्त कार्यविधिहरुको प्रयोगलाई जनउत्तरदायी शासन व्यवस्था कायम गर्ने तर्फ निर्देशित गरिनेछ ।
- लाभग्राही र सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिनेछ ।
- उक्त कार्यविधिहरुको प्रयोग गर्दा छिटो, छरितो, विश्वासिलो र मितव्ययी प्रक्रिया अवलम्वन गरिनेछ । ।
- सम्पादन गरिने र गरिएका काम प्रति जनचासो वृद्धि गरी जनसहभागितालाई अभिवृद्धि गरिनेछ ।
- यस कार्यविधिहरुको कार्यान्वयनबाट वित्तीय जोखिम ( Fudiciary Risk) न्युनिकरण गरिनेछ ।
- स्थानीय निकाय, उपभोक्ता समिति र निर्माण व्यावसायीलाई कार्यक्रमको गुणस्तर र आर्थिक अनुशासन कायम गर्न सहयोग गरिनेछ ।
- सार्वजनिक स्रोत व्यवस्थापनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा अभिबृद्धि गरिनेछ ।
- सार्वजनिक सरोकारका कामहरुमा जानकारी लिन पाउने जनताको अधिकारलाई सुनिश्चित गरिनेछ ।

- विकाससँग सम्वन्धि अन्य सार्वजनिक निकाय तथा  गैससहरूले पनि सार्वजनिक परीक्षण कार्यविधि, सामाजिक परीक्षण कार्यविधि र सार्वजनिक सुनुवाई कार्यविधिलाई प्रयोग गर्न सक्नेछन् । सो गर्न गराउन स्थानीय निकायहरूवाट सहयोग, समन्वय र प्रोत्साहन गर्नेछन ।
- यस कार्यविधिहरुको सरल, सहज र उत्प्रेरणामुखी क्रियाकलापको रुपमा आत्मसात गर्ने गरी विकास गरिनेछ ।

## २.कार्ययोजना
## २.१ राष्ट्रिय स्तर

| क्र.स. | क्रियाकलाप | समय | कार्यसम्पादन सूचकहरु | प्रमुख विषयवस्तुहरु | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | अनुशिक्षणको लागि सामग्री तयारी | ४ महिना | केन्द्रको र स्थानीय स्तरको श्रव्य दृश्य सामग्री, हाते पुस्तिकाहरु ( सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ ) प्रकाशित भएको हुनेछ । | सेसन प्लान, अनुशिक्षण संचालन विधि बिषयवस्तुको छनौट र अनुशिक्षणको लागि सफल कथाहरुको संग्रह | स्थानीय विकास मन्त्रालय अनुगमन तथा मूल्याङ्कन शाखा |
| २. | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ संबन्धमा अभिमुखिकरण | क्षेत्रगत रुमा हुने योजना तर्जुमा तथा स मीक्षा बैठक हुने समयमा । | स्थानीय निकायका प्रमुखहरु, स्थानीय विकास अधिकारीहरु, कार्यकारी अधिकृतहरु, जिल्ला प्राविधिक कार्यालयका प्रमुखहरु, योजना अधिकृतहरु र कार्यक्रम अधिकृतहरुलाई विकासक्षेत्रगत रुपमा अभिमुखिकरण गरिनेछ । | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइको आवश्यकता वारेमा कम्तीमा १ सेसन संचालन गर्नु पर्नेछ । | स्थानीय विकास मन्त्रालय अनुगमन तथा मूल्याङ्कन शाखा र योजना तथा वैदेशिक सहयोग समन्वय शाखा |
| ३ | सार्वजनिक/ सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइको अनुगमन व्यवस्था | निरन्तर | स्थानीय विकास मन्त्रालय, योजना महाशाखा प्रमुखको संयोजकत्वमा केन्द्रीय अनुगमन समितिको व्यवस्था गरिनेछ । | अनुगमन चेकलिस्ट तयार गरी सो अनुसार अनुगमन गरिनेछ । | स्थानीय विकास मन्त्रालय अनुगमन तथा मूल्यांकन शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | कार्यसम्पादन मापनका कार्य क्षेत्रमा उत्तरदायित्व सम्बन्धी व्यवस्था समावेश गर्ने । | निरन्तर | कार्यसम्पादन मापनमा कार्य क्षेत्रमा उत्तरदायित्व समावेश भई विभिन्न सूचकहरुको व्यवस्था गरिनेछ । | सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ लगायत उत्तरदायित्वका औजारहरुको प्रयोग संबन्धी विषयका सूचकहरु जिविस, नगरपालिका र गाविसको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधिमा व्यवस्था गरिनेछ । | स्थानीय विकास मन्त्रालय तथा स्थानीय निकाय वित्तीय आयोग । |
| ५ | यी कार्यविधिहरुको कार्यान्वयनका लागि प्रत्येक जिल्लावाट कम्तीमा २ जनाको दरले सहभागी गराई प्रशिक्षक प्रशिक्षण तालिम दिने | आर्थिक वर्ष २०६८/२०६९ | कार्यविधिको कार्यान्वयनको लागि तालिम सामाग्रीको तयारी तथा तालिम संचालन गरिनेछ । यो तालिम क्षेत्रीय स्तरमा संचालन गरिनेछ । एक जिल्लावाट २ जना स्वतन्त्र र सामाजिक परीक्षण गर्न योग्यता पुगेको व्यक्ति हुनु पर्नेछ । | यी संयन्त्रहरुको कार्यान्वयनका लागि तालिम सामग्री | अनुगमन तथा मूल्यांकन शाखा |
| ६ | नमूनाको लागि केन्द्रीय स्तरबाटै यी विधिहरुको कार्यान्वयनका लागि सहयोग पुऱ्याउने ( Piloting ) | तुरुन्त | श्रोतव्यक्ति नियुक्त गरी तालिम सामग्री निर्माण , प्रशिक्षण तथा सहजीकरण गर्न जिम्मेवारी दिने | यी संयन्त्रहरुको कार्यान्वयनका लागि तालिम सामग्री | अनुगमन तथा मूल्यांकन शाखा |

## २.२ स्थानीय स्तर

| क्र.स. | क्रियाकलाप रुपाकंन | समय | कार्यसम्पादन सूचकहरु | प्रमुख विषयवस्तुहरु | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ संवन्धमा अभिमुखिकरण | १ दिन | स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु र स्थानीय निकायका राजनीतिक संयन्त्रका सदस्यहरुलाई अभिमुखिकरण गरिएको हुनेछ। | सुशासनको सन्दर्भमा उत्तरदायित्वको महत्व, उत्तरदायित्वका औजारहरुमध्ये सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइको आवश्यकता साथै राजनैतिक क्षेत्रको भूमिका वारेमा अभिमुखिकरणको लागि कम्तीमा ३ वटा सेसन संचालन गर्नु गराउनु पर्नेछ। | सम्वन्धित जिल्ला विकास समिति |
| २. | सम्वन्धित कर्मचारीहरुलाई र उपभोक्ता समितिका पदाधिकारी, निर्माण व्यवसायी तथा नागरिक समाजहरुलाई सार्वजनिक/ सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ संवन्धी तालिम | २ दिन | स्थानीय निकायका कर्मचारीहरु, जिल्ला प्राविधिक कार्यालयका कर्मचारी, विषयगत शाखाका कर्मचारीहरु, उपभोक्ता समितिका पदाधिकारी, निर्माण व्यवसायी तथा नागरिक समाजका प्रतिनिधिहरुलाई तालिम प्रदान गरिएको हुनेछ। | सुशासनको सन्दर्भमा उत्तरदायित्वको आवश्यकता, उत्तरदायित्वका विभिन्न औजारहरुको जानकारी सामाजिक परीक्षण सार्वजनिक परीक्षणका साथै सार्वजनिक सुनुवाइको सैद्धान्तिक पक्ष र कार्यविधिको प्रयोग, सार्वजनिक परीक्षणका फाराम भर्ने तरीका समेत गरी करीव ७ वटा सेसन संचालन गर्नु पर्नेछ। | संबन्धित जि.वि.स. र न.पा. र गा.वि.स. |
| ३. | स्थानीय तहमा संचालित सार्वजनिक/ सामाजिक परीक्षण | चौमासिक | जि.वि.स.मा योजना तथा अनुगमन अधिकृतको र नगरपालिकामा योजना शाखा | अनुगमन चेकलिस्ट तयार गरी सो अनुसार अनुगमन गरिनेछ। | संबन्धित जि.वि.स. र न.पा. र गा.वि.स. ले अनुगमन समिति गठन गर्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | र सार्वजनिक सुनुवाइको अनुगमन व्यवस्था | | प्रमुखको र गा.वि.स.मा गा.वि.स.सचिवको संयोजकत्वमा अनुगमन व्यवस्था भएको हुने साथै उपभोक्ता समितिका सदस्यहरुलाई समेत समावेश गरी अनुगमन व्यवस्था मिलाइएको हुनेछ । | | |
| ४. | योजना तथा कार्यक्रमहरुको संझौता व्यवस्था | आवश्यकतानुसार | सबै खाले संझौतामा आवश्यकता अनुसार सार्वजनिक परीक्षणको प्रावधान राखिएको हुनेछ । | उपभोक्ता समिति, गै.स.स., सामुदायिक संस्था र निर्माण व्यवसायीसंग संझौता गर्दा संझौताको शर्तमा आवश्यकता अनुसार सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्ने काममा जिम्मेवार भूमिका निभाउनु पर्ने भन्ने विषय राख्नु पर्ने | संझौता गर्ने स्थानीय निकायको कर्मचारी |
| ५ | सार्वजनिक/सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइवाट प्राप्त पृष्ठपोषण र सुधार | आवश्यकता अनुसार | जिम्मेवारी प्राप्त उपभोक्ता, सामुदायिक संस्था गै.स.स., स्थानीय निकाय, ठेकेदारले प्राप्त सुझावहरुको आधारमा विगतका कमजोरी र नकरात्मक पक्षमा सुधार गरेको पुष्टयाइँ सहित सरोकारवाला हरुलाई जानकारी गराईएको हुनेछ । | के कस्ता पृष्ठपोषणहरु थिए र सो अनुसार कस्ता सुधार गर्ने भन्ने विषयहरु राख्ने । | संवन्धित जिम्मेवार निकाय र अधिकारी |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सार्वजनिक/सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइवाट प्राप्त सूचना व्यवस्थित गर्ने | निरन्तर | सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइवाट प्राप्त सूचना तथा पृष्ठपोषण र प्रतिवेदनलाई स्थानीय निकायको सूचना केन्द्रमा राख्ने व्यवस्था गरिएको हुनेछ। | पृष्ठपोषणका बुदाहरु, सुधारहरु र प्रतिवेदनहरु व्यवस्थित गरी राख्ने। | संबन्धित स्थानीय निकायहरु |
| ७ | सार्वजनिक सुनुवाइको लागि प्रतिवेदन तथा व्यवस्थापकीय तयारी | सार्वजनिक सुनुवाइ गर्नु अघि | सार्वजनिक सुनुवाइ गर्नु अघि Exit Poll र Citizen Report Card प्रतिवेदन तथा व्यवस्थापकीय तयारी गरिएको हुनेछ। | निर्गम अभिमत र नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन<br>कार्यालयको प्रगति विवरण र<br>कार्यक्रम संचालनको व्यवस्थापकीय पक्ष | कार्यक्रम आयोजना संचालन गर्ने निकाय र पदाधिकारीको सहयोगमा सहजकर्ताले तयार गर्ने। |
| ८ | सार्वजनिक/सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ संवन्धी अनुभव आदान प्रदान कार्यक्रम | बर्षको १ पटक | स्थानीय निकायका कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समितिमा सदस्य र ठेकेदारहरुलाई अन्य जिल्ला, नगर र गाउँमा भएका योजना संवन्धी स्थलगत भ्रमण व्यवस्था गरी अनुभव आदान प्रदान गरिएको हुनेछ। | सार्वजनिक परीक्षण/सामाजिक परीक्षण गरिएका योजनाहरु र कार्यक्रमहरुको स्थलगत भ्रमण गरी छलफल गर्ने। | संबन्धित स्थानीय निकायले वार्षिक क्षमता विकास योजनामा राखी संचालन गर्ने। |